bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

वर्ष ४० अंक ०२ | २०७८ वैशाख ०२ गते विहीबार, नेपाल सम्वत् ११४१ April 15, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-






**आँधीमुलमा आन्तरिक पर्यटकको भिड :** तनहुँको आँबुखैरेनी गाउँपालिका स्थित आँधीमुल बाराहीमा नयाँ वर्षक मनाउन आएका आन्तरिक पर्यटकहरू । मन्दिरमा पुजाअर्चनाका साथै पिन्किनकका लागि पर्यटकहरू यहाँ आउने गर्दछन् । गाउँपालिकाले आँधिमुल क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा बिकास गर्दै लगेको छ । *तस्विर : रबिन्द्र अधिकारी/भञ्ज्याङ*

# आन्तरिक पर्यटकले खचाखच भरियो बन्दिपुर

## बन्दिपुरका होटल व्यवसायीहरूको 'बन्दिपुर सुरक्षित छ' अभियान

**भञ्ज्याङ समाचारदाता** (बन्दिपुर)

नयाँ वर्ष मनाउन आएका आन्तरिक पर्यटकले बन्दिपुर खचाखच भरिएको छ । कारोना भाइरस संक्रमण जोखिमकै बीच पनि नयाँ वर्ष मनाउन बन्दिपुर आउनेको संख्या अप्रत्यासित रूपमा बढ्न पुगेको थियो । नयाँ वर्ष नजिकिएसंगै कोरोना संक्रमणको दर बढ्दै गएपनि यसलाई कुनै प्रवाहा नगरी पर्यटकको उपस्थिति राम्रो रहेको बन्दिपुरका होटल व्यवसायीहरूले बताएका छन्।

कोरोना कहरका कारण थला परेको बन्दिपुरको पर्यटन व्यवसाय नयाँ वर्षका दिन आन्तरिक पर्यटकको उत्साहजनक उपस्थितिले आशा जगाएको बन्दिपुर पर्यटन विकास समितिका पूर्व अध्यक्ष एवं होटल व्यवसायी वैंश गुरूङले बताए । 'लकडाउन हटेसंगै थोरै संख्यामा आन्तरिक पर्यटकहरू बन्दिपुर घुम्न आउनुहुन्थ्यो', उनले भने, 'तर नयाँ वर्ष मनाउन पाँच हजार बढि पर्यटकहरू बन्दिपुर आउनुभएको छ । मंगलबार र बुधबार बन्दिपुरका होटल र होमस्टेहरू पर्यटकले भरिभराउ भए ।'



लामो समयको लकडाउन हटेपनि दोस्रो चरणको कोरोना त्रास रहिरहेकाले नयाँ वर्ष लक्षित पर्यटकीय कार्यक्रमहरू बन्द गर्नुपरेको समितिका पूर्व अध्यक्ष गुरूङले बताए । उनले भने, 'पर्यटकीय नगरी भएकाले केही पर्यटकहरूको आगमन होला भनि उहाँहरूको स्वागतका लागि स्ट्रिट फुड फेस्टिवल आयोजना गरेका थियौ । तर पर्यटकहरूको आगमन भने सोचेको भन्दा बढि भयो । हामी निकै उत्साहित भएका छौं ।'

नयाँ वर्षमा बन्दिपुरमा पर्यटकको राम्रो उपस्थिति देख्दा पर्यटन व्यवसायप्रति आशा जागेको क्षेत्रीय होटल संघ बन्दिपुर इकाईका अध्यक्ष विपिन प्रधानले बताए । 'पहिलेपनि बन्दिपुर घुम्न भनेर दिनको २/३ सय पर्यटकहरू त आउने गर्नुहुन्थ्यो तर बास भने कमै बस्नुहुन्थ्यो', उनले भने, 'नयाँ वर्षका दिन आउनु भएका आधाभन्दा बढि

बाँकी तेश्रो पेजमा

# नयाँ भवनबाट आँबुखैरेनी गाउँपालिकाको सेवा शुरू

**भञ्ज्याङ समाचारदाता** (आँवुखैरेनी)

तनहुँको आँबुखैरेनी गाउँपालिकाले नयाँ वर्षसंगै नयाँ भवनबाट सेवा शुभारम्भ गरेको छ। गाउँपालिकाले नवनिर्मित भवनको बुधबार उद्घाटन गरी सेवा शुभारम्भ गरेको हो । गाउँपालिका अध्यक्ष गिरबहादुर थापाले नवनिर्मित प्रशासनिक भवनको उद्घाटन गरी सेवा शुभारम्भ गरेका हुन । भवन उद्घाटन गर्दै अध्यक्ष थापाले गाउँपालिकाको नयाँ प्रशासनिक भवनको बुधबार एक कार्यक्रमका बिच उद्घाटन गर्दै अब नागरिकलाई सहज रूपमा एउटै भवनबाट सेवा प्रवाह गरिने बताए।



दुई चरणमा गरी करिब पौने ४ करोड रूपैयाँको लागतमा भवन निर्माण सम्पन्न गरिएको हो । पहिलो चरणमा छिम्केश्वरी निर्माण सेवाले करिब १ करोड १७ लाख ६७ हजार ३२४ रूपैयाँमा निर्माणको काम गरेकोमा दोस्रो चरणमा सिजल कन्ट्रक्सन जेभीले २ करोड ५२ लाख ७९ हजार १५७ रूपैयाँमा निर्माणको काम गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखरेलले बताए ।









भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६०९०७
www.bhanjyangnews.com,
Email : bhanjyangdml@gmail.com

## सम्पादकीय..........

# संक्रमितको संख्या बढ्यो

मुलुकमा पछिल्लो समय पुनः कोरोना भाइरस संक्रमितको संख्या बढ्दै गएको छ । नेपालमा अहिले नयाँ वर्षको माहोल छ । नयाँ वर्ष मनाउनका लागि मानिसहरू भीडभाड गर्दै स्वास्थ्य सुरक्षाका सामाग्रि तथा मापदण्डको कुनै ख्याले नगरी घुमफिर, खानपिन, साथीभाईसंग भेटभाट जस्ता क्रियाकलामा सक्रिय छन् । यस्तै, राजनीतिक दलका कार्यक्रमदेखि विभिन्न संघ संगठनको अधिवेशन, निर्वाचन जस्ता कार्यपनि भिडभाडमै भइरहेका छन् । छिमेकी मुलुक भारतमा दैनिक लाखौंको संख्यामा संक्रमित भेटिरहेको अवस्थामा यसको प्रत्यक्ष असर नेपालमा पनि पर्दै गएको छ । खुल्ला सिमाना र सिमा नाकामा परिक्षण तथा चेकजाँचलाई कडाइ नगरिदा नेपाल भित्र कोरोना संक्रमण दर बढ्दै जाने खतरा बढेको छ । स्वास्थ्य मन्त्रालयले बुधबार सार्वजनिक गरेको तथ्याङ्कमा ६०३ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । योसँगै नेपालमा कोरोना भाइरस संक्रमितको संख्या २ लाख ८१ हजार ५८७ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा देशभर गरिएको चार हजार २८९ पीसिआर परीक्षणबाट ५८० र ४५१ एन्टिजेन परीक्षणबाट २३ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको हो । नेपालमा हालसम्म पिसिआर परीक्षण गराउनेको संख्या २२ लाख ३६ हजार ५२६ पुगेको छ । हाल ४८ जना क्वारेन्टिनमा रहेको मन्त्रालयले जनाइएको छ ।

यस्तै, संक्रमितहरू उपचार गराएर घर फर्किनेको संख्या हालसम्म दुई लाख ७४ हजार ४४७ जना पुगेको छ । पछिल्लो २४ घण्टामा देशभर १२९ संक्रमित उपचारपछि निको भएर घर फर्किएका छन् । हाल देशभर चार हजार ५६ सक्रिय संक्रमित रहेका छन् । यीमध्ये ४५७ जना संस्थागत आइसोलेशनमा तथा तीन हजार ५९९ होम आइसोलेशनमा रहेको मन्त्रालयले जनाएको छ । त्यस्तै, पछिल्लो समय नेपालमा कोरोना भाइरस संक्रमणबाट तीन जनाको मृत्यु भएको छ । हालसम्म कोरोना भाइरस संक्रमणबाट मृत्यु हुनेको संख्या ३ हजार ६१ पुगेको मन्त्रालयले जनाएको छ । सरसरती यो तथ्याङ्कलाई हेर्ने हो भने नेपालमा पुनः भाइरस संक्रमण दर बढ्दै गएको छ । तर, संक्रमण रोकथाम तथा न्यूनिकरणका लागि सम्बन्धित निकायले खासै चासो देखाएको देखिदैन । सर्वसाधारण पनि कोरोना केही होइन भन्दै स्वास्थ्य सामाग्रिको प्रयोग बिनानै आ-आफ्नो दैनिकी खट्टिने गरेका छन् । यस्ता अवस्थामा लापरवाही होइन त्रसित नभई सचेतनापूर्व स्वास्थ्य सुरक्षाका सामाग्रिको प्रयोग गरी आफ्नो दैनिको खट्टिनु नै उपयुक्त हुन्छ । लापरवाही होइन सचेत बनौं ।

# पत्रकार पौडेल माथि दुर्व्यवहार

भञ्ज्याङ समाचारदाता (दमौली)

नेपाल पत्रकार महासंघ तनहुँका सदस्य, अन्नपूर्ण मिडिया नेटवर्कका सम्वाददाता एवं दमौली न्यूज डट कमका सम्पादक पवन पौंडेल माथि दुर्व्यवहार भएको छ । व्यास-५ चापाघाटस्थित नेपाली सेनाको कालीभञ्जन गणका एक सैनिक अधिकारीले बुधबार बिहान दमौली बजारमा तस्विर लिएको भन्दै दुर्व्यवहार गरेको बताइएको छ । उक्त दुर्व्यवहार प्रति नेपाल पत्रकार महासंघ तनहुँले प्रेस विज्ञप्ति जारी गर्दै गम्भिर ध्यानाकर्षण भएको जनाएको छ । पत्रकार पौडेलमाथि राष्ट्रको सम्पत्ति मानिने नेपाली सेनाको टोली सार्वजनिक सडकमा ट्र्याक सुट लगाएर दौडिरहेको दृश्य खिच्ने क्रममा क्यामेरा खोसेर दृश्य हटाउनुका साथै दुर्व्यवहार गरेको घटनाले महासंघलाई अत्यन्त दुःखी बनाएको जारी विज्ञप्तिमा भनिएको छ ।

यस्तै, विज्ञप्तिमा पत्रकार पौडेलमाथिको उक्त घटनाले निर्वाध ढंगले समाचार संकलन गर्ने कार्यमा अवरोध सृजना गर्ने मात्रै नभई संविधान प्रदत्त मौलिक हक सहित प्रेस स्वतन्त्रतालाई नै कुण्ठित गर्न खोजेको महासंघको ठहर छ भनिएको छ।

महासंघ तनहुँ शाखा नेपालको संविधानको प्रस्तावनामै उल्लेखित पूर्ण प्रेस स्वतन्तत्रतालाई उच्च सम्मान गर्न नेपाली सेनासँग जोडदार माग गर्दै पत्रकार पौडेलमाथि दुर्व्यवहार गर्ने सैनिक माथि आवश्यक कार्वाही गर्न नेपाली सेनासँग माग गरेको छ। यस्तै, प्रेस युनियन तनहुँ लगायत विभिन्न सञ्चारसंग सम्बन्धित संघ संगठनहरूले विज्ञप्ति जारी गरी उक्त घटनाको निन्दा गर्दै दोषिमाथि कारवाहीको माग गरेका छन् ।






## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# गुलाफ काँडासंगको दैनिकी : 'पेशाप्रति खुशी र उत्साहित छौं'

*'फूलको आँखामा फूलै संसार*
*काँडाको आँखामा काँडै संसार...'*

नारायण न्यौपाने

कवि एवं गीतकार दुर्गालाल श्रेष्ठको शब्दमा आनी छोइङ डोल्माको गायन रहेको यो सिर्जना सबै नेपालीबीच लोकप्रिय एवं कालजयी गीत हो। सकारात्मक सोच बनाए संसार सुन्दर छ, खराब दृष्टिले हेऱ्यो भने संसारमा खराबै मात्रै देखिन्छ भन्ने भावको यस गीतसँग रामबहादुर र श्रीमती बिमला सुनुवारले शुरू गरेको पुष्प व्यवसाय, गरिरहेको संघर्ष र प्राप्त सन्तुष्टिलाई तालमेल गरेर हेर्न सकिन्छ। खासगरी फूल उत्पादन गर्ने क्रममा सुनुवार दम्पतीका हातलाई गुलाफका काँडाले जति नै घोचेर छिया-छिया बनाए पनि बगैंचामा कोपिला हाल्दै गरेको ढकमक फूल देखेपछि उहाँहरू हर्षले फुरूङ्ङ हुनुहुन्छ। विवाह र अरू स्वागत समारोहका लागि समयमै सहजरूपमा गुलाफका उत्पादन बजार पठाउन पाउँदा सबै दुःख बिर्सेर खुशीले उत्साहित हुने गरेको अनुभव सुनुवार दम्पतीले सुनाउनुभयो ।

फक्रँदै गरेको गुलाफको कोपिला प्रेमी र प्रेमिकाबीच आदान-प्रदानमा प्राप्त हुने आनन्दको अनुभूति जत्तिकै रमाइलो र खुशीको अनुभव गुलाफ बग्रेल्ती फुल्दै गर्दा गर्न सकिने राम र बिमलाको प्रतिक्रिया छ। नयाँ वर्ष मनाउँदै गरेका युवा-युवतीलाई मात्र होइन, विभिन्न सभा, सम्मेलन, समारोहका अतिरिक्त तारे होटलमा समेत सजावटका लागि पछिल्ला वर्षमा गुलाफको फूल लोकप्रिय बन्दै आएको छ । उत्पादन समयका हिसावले गुलाफका फूल निस्कने यो मध्य बेला हो। फूल भनेको आखिर गुलाफ नै भन्ने आमजनभावना पनि छ। गुलाफलाई प्रेमको प्रतीकका रूपमा लिने गरिन्छ।



सिन्धुलीको ध्याङलेक घर भई भक्तपुर चाँगुनारायण नगरपालिका-२ मा बसोबास गर्दै आएको सुनुवार दम्पतीले १० रोपनी जग्गा भाडामा लिएर 'जेनियून कट फ्लावर' नाम दिएर गुलाफ खेती गर्दै आएको छ । गुलाफ उत्पादन गर्ने क्रममा कयौं पटक काँडाले कोरेर रक्ताम्य भई दुःख पाए पनि सप्तरङ्गी गुलाफले अरूलाई सजाउन पाउँदाको क्षण सबैभन्दा अमूल्य र अविस्मरणीय हुने धारणा उहाँहरूको छ । परिचित जागरूक केही युवाले ललितपुरको गोदावरीमा गरेको पुष्प व्यवसायबाट प्रेरित भई रमाइलो मान्दै पुष्प व्यवसायमा प्रवेश गरेको सुनुवार दम्पती पेशाप्रति सन्तुष्ट मात्र होइन, उत्साहितसमेत देखिएको छ ।

बिमला भन्नुहुन्छ, "घर व्यवहार धान्न र बालबच्चालाई गुणस्तरीय शिक्षा दिन अरू केही कृषि कर्म गर्ने सोच बनाएका थियौं, काम भने थलिएको थिएन, एकाएक गुलाफ उत्पादन गरौं भन्ने इच्छा जाग्यो, अहिलेसम्म आइपुग्दा ठिकै गरिएछ भन्ने लागेकोछ, सन्तुष्ट र उत्साही छौं ।" सुझबुझपूर्ण र वैज्ञानिक ढङ्गबाट बगैंचाका लागि प्लाष्टिकको सेड बनाएर लगाइएको गुलाफ अहिले मनै लोभ्याउने गरी ढकमक्क फुलेको छ। रातो, पहैंलो, सेतो, सिन्दुरे र तीन प्रकारका गुलाबी रङका फूलले बगैंचा शोभायमान बनाएको छ । यतिबेला बगौंचामा पुग्ने जो कोहीको मन गुलाफ हेरेपछि फुरूङ्ङ हुन्छ । व्यवसाय विस्तार गर्ने क्रममा विमलाले यसपटक बगैंचामा दुई हजारको सङ्ख्यामा गुलाफका बेर्ना थप गर्नुभएको छ ।

उन्नत जातका बेर्ना एक पटक लगाइसकेपछि छ वर्षसम्म राम्रो उत्पादन दिने र वर्षैपिच्छे बोट छाँट्ने र पाउला आउने क्रम जारी रहन्छ। गुलाफका हाँगा काटेर निकालेपछि डेढदेखि दुई महिनाभित्रै फेरि अर्को हाँगाबाट फूल उत्पादन शुरू हुन्छ । यो क्रमले करिब नौ महिना निरन्तता पाउँछ । प्रत्येक पुस महिनामा सबै बोट काँटछाँट गरिँदा माघ र फागुनमा भने फूलको उत्पादन हुँदैन । नयाँ बिरूवा पनि सोही समयमै रोपिन्छ । गुलाफबाट राम्रो उत्पादन लिन दैनिकरूपमा पानी र सन्तुलितरूपमा गोबर एवं रासायनिक मल दिनुपर्छ। फूल्ने बेलामा भिटामिन र पाउडरी रोगका लागि औषधि समयमै छर्कन आवश्यक हुने उहाँ बताउनुहुन्छ । कतिपय बेला गुलाफका मुना किराले खाइदिने हुनाले समयमै निदान नभएमा उत्पादनमा धक्का लाग्न सक्छ । बिमला भन्नुहुन्छ, "वर्षैभर गुलाबका बोटका काँडासँगै दैनिकी बिते पनि व्यवसायप्रति एकदमै सन्तुष्ट र खुशीं छौं ।"

### कोपिला लागेसँगै काँडाले कोरोको सबै बिर्सिन्छ

रामबहादुर भन्नहुन्छ, "उत्पादन, बजार र मूल्यले साथ दिएमा अन्य खेतीका तुलनामा गुलाफबाट बढी आम्दानी हुन्छ, बगैंचामा फक्रँदै गरेको कोपिला देखेपछि काँडाले कोरेको सबै बिर्सिइन्छ। गुलाफमै घरपरिवारका सबै संलग्न र निर्भर हुने कुरा सामान्य होइन, यो गजबको पेशा हो ।" सुनुवार दम्पतीको पुष्प व्यवसायलाई कलेज पढिरहेका छोरा, छोरी, बुहारी र अरू दुई कामदार कर्मचारीले सहयोग पुऱ्याइरहेका छन् । उहाँ भन्नुहुन्छ, "फूल राम्रो भइदियो र कोरानाका कारण लकडाउन भइदिएन भने हामी पेशाबाट सन्तुष्ट नै छौं ।"

काठमाडौं थापाथलीस्थित थोक बजारमा लगेर बेच्दा हाल सुनुवार परिवारले सरदर प्रतिगुलाफ रू १८ देखि २० प्राप्त गर्दैआएको छ। विवाहको साइत धेरै भएका महिना र अन्य समारोह बाक्लो आयोजना हुँदा प्रतिगुलाफ रू ३५ सम्म प्राप्त गरेको कृषक सुनुवारले रासस प्रतिनिधिलाई जानकारी दिनुभयो । पछिल्ला वर्षमा विवाहमा बेहुला-बेहुलीलाई माला र प्रेम दिवस (भ्यालेन्टाइन डे)मा गुलाफको माग धेरै हुँदैआएको पुष्प व्यवसायी बताउँछन् । हालसम्म यहाँ उत्पादित गुलाफ विदेश निर्यात भएको छैन । भारतबाट ठूलो मूल्यका गुलाफ नेपाल भित्रिँदै आएको छ । बिमला भन्नुहुन्छ, "हाम्रो उत्पादनले नेपाललाई नै पुग्दैन । अहिलेसम्म बजारको समस्या छैन । यद्यपि थोक बजारमा लगेका सामान व्यापारीले मनमौजीमा भाउ लगाउँछन् । पुष्प व्यवसायलाई प्रोत्साहन गर्ने हो भने किसानले मूल्य तोक्न पाउने परिस्थिति निर्माण गर्नुपर्छ, सरकारबाट व्यवस्थित बजारको अपेक्षा गरेका छौं ।"

किसानको श्रमको सम्मान र पेशालाई प्रोत्साहन गरी जीवन्त दिलाउन राहत र सुविधाका कुरा बारम्बार सुनिए पनि सहयोग र सहुलियत प्राप्त गर्न नसकेको उहाँहरूको भनाइ छ। अनुदान र सहुलियतको कुरा परै जाओस् अघिल्लो वर्ष लकडाउन हुँदा धेरै फूल फाल्नु परेको घटना सुनाउँदै विमलाले भन्नुभयो, "वैशाखदेखि भदौसम्मका उत्पादन खेर जाँदा व्यवसायबाट माथि उठ्नै नसकिने हो कि भन्ने अत्यास भयो, आगामी दिनमा हाम्रा लागि त्यस्तो अवस्था नदोहोरियोस्।" रामबहादुर भन्नुहुन्छ, जब बगैंचामा विभिन्न रङका गुलाफ ढकमक्क फुल्छ, दिनदिनै काटेर बजार लान र परिश्रमको उचित मूल्य पाइन्छ, त्यो बेला धेरै आनन्द र असाध्यै खुशी लाग्छ, काँडाले घोचेको बिर्सन्छौं, फूलै फूल मात्र देख्छौं । रासस

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
परिस्थितिवश चिताएको काम रोकिन सक्छ । अरूका लागि बुद्धि खर्चनुपर्ला ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
खर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ । बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
परिस्थितिले अप्ठ्यारा चुनौतीहरु निम्त्याए पनि नियमित काम सम्पादन हुनेछन् ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। रोकिएका काम बन्नेछ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
सोखले फजुल खर्च पनि बढाउनेछ। आलस्य गर्दा आँटेको काम बीचैमा रोकिन सक्छ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
अरूका लागि बुद्धि र समय खर्चनुपर्ला । न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । विभिन्न अवसर पनि प्राप्त हुनेछन् ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
स्थायी सम्पत्तिमा विवाद आउन सक्छ । मेहनत गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
व्यापार-व्यवसायमा मनग्गे लाभ हुनेछ । प्रेम वा मित्रताको बन्धन कसिलो हुनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
मध्याह्नदेखि स्वास्थ्यमा कमजोरी देखापर्नाले सुनिश्चित काम समेत अन्योलपूर्ण बन्न सक्छ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
हिम्मतले काम बनाउन सकिनेछ। ईर्ष्या गर्नेहरूको मनोबल कमजोर हुनेछ ।

# तनहुँका स्थानीय तहमा नेकपा एमालेको जिम्मेवारी हेरफेर

**भञ्ज्याङ समाचारदाता** (दमौली)

नेकपा एमाले तनहुँले जिल्लाका १० वटै पालिकाको इन्चार्ज, अध्यक्ष र सचिवको जिम्मेवारी हेरफेर गरेको छ । माधव नेपाल पक्षले समानान्तर कमिटी गठनलाई स्थानीय तहसम्म तीव्र पार्न थालेपछि नेकपा एमाले तनहुँको संस्थापन पक्षले पनि आफ्नो गतिविधिलाई सक्रियता दिएको छ ।

जिल्ला पार्टी अध्यक्ष केदार सिग्देलको अध्यक्षतामा दमौलीमा सोमबार बसेको बैठकले १० वटै स्थानीय तहमा नयाँ कमिटी गठन गरिएको छ । पार्टी केन्द्रीय सदस्य प्रतापलाल श्रेष्ठ र गण्डकी कमिटी सदस्य शंकरनारायण श्रेष्ठ सहितका नेताहरू सक्रिय रूपमा समानान्तर कमिटी विस्तारमा लागे पछि संस्थापन पक्षले त्यसको प्रतिवाद थालेको हो । उसले उनीहरू रहेको पदमा अरूलाई नै जिम्मेवारी तोक्न थालेको छ ।

जिल्ला कमिटी तनहुँले दमौलीमा मंगलबार पत्रकार सम्मेलन गरी पार्टी जिल्ला अध्यक्ष केदार सिग्देलले समानान्तर संगठन चलाउनेलाई कारबाही गर्ने चेतावनी दिए । 'हामीले अहिले कारबाही गरिसकेका छैनौं,' उनले भने, 'कतिपयको नाम इच्छाविपरित रहेको सुन्नमा आएको छ । तर जाँचबुझपछि भने कारवाही गर्छौं । अहिले कसैलाई पनि कारवाही नगरिएको र यथास्थानमा राखिएको छ ।'



यसबीचमा पार्टीले हरेक स्थानीय तहसम्म पुगेर संगठित सदस्यता थप्ने र नवीकरणको अभियान पनि चलाउने घोषणा गरेको छ । पार्टी अध्यक्ष सिग्देलले भने, 'लामो समयदेखि रोकिएको सदस्यता नवीकरण र वितरण दुबै काम जेठ १५ भित्र शुरू हुन्छ ।'

पार्टीले नौ सदस्यीय कमिटी बनाउँदै त्यसैमार्फत नै नयाँ सदस्यता विस्तार र नवीकरणको निर्णय गर्ने बताएको छ । जसमा अध्यक्ष सिग्देल नै संयोजक छन्।

यस्तै, पार्टीले व्यास नगर कमिटीको ईञ्चार्जमा प्रदीपराज अधिकारीलाई तोकेको छ । बैठकले नगरको अध्यक्षमा कृष्णप्रसाद न्यौपाने र सचिवमा निर्मल पण्डितलाई तोकेको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो ।

भानु नगर कमिटीको इन्चार्जमा सीताराम बजगाई, अध्यक्ष प्रेम राना, सचिव गोविन्द पौडेल, शुक्लागण्डकी नगर कमिटी इन्चार्ज देवलाल खनाल, अध्यक्ष मुक्ति तिमिल्सिना, सचिव रघुनाथ पौडेल, भिमाद नगर कमिटी इन्चार्ज धर्म खनाल, अध्यक्ष इमानबहादुर थापा, सचिव उमाकान्त श्रेष्ठ, देवघाट गाउँ कमिटी इन्चार्ज बाबुराम अधिकारी, अध्यक्ष केशवचन्द्र न्यौपाने, सचिव भीमबहादुर गुरूङ चयन भएका छन् ।

यस्तै, आँबुखैरेनी गाउँ कमिटी इन्चार्ज ऋषि केसी, अध्यक्ष मिना अधिकारी, सचिव दिलबहादुर गुरूङ, बन्दिपुर गाउँ कमिटी इन्चार्ज ईन्द्रबहादुर कुँवर, अध्यक्ष सुरेन्द्र थापा, सचिव कुलेन्द्र गौतम, म्याग्दे गाउँ कमिटी इन्चार्ज रत्नादेवी घिमिरे, अध्यक्ष भीमबहादुर विक, सचिव सोमबहादुर आले, घिरिङ गाउँ कमिटी इन्चार्ज होमबहादुर थापा, अध्यक्ष इन्द्रबहादुर थापा, सचिव भुवन विश्वकर्मा, ऋषिङ गाउँ कमिटी इन्चार्जमा हरिराज कँडेल, अध्यक्ष गञ्जसिं गुरूङ, सचिव प्रेम रानाभाटलाई चयन गरिएको छ ।

# माओवादी पार्टीलाई अब भुगोलमा होइन गुगोलमा खोज्नुपर्ने दिन आउन सक्छ : युवा नेता बस्नेत

**भञ्ज्याङ समाचारदाता** (दमौली)

नेकपा एमाले केन्द्रीय सदस्य एवं युवा इन्चर्ज महेश बस्नेतले माओवादी पार्टीलाई भुगोलमा होइन गुगोलमा खोज्नुपर्ने दिन आउन सक्ने बताएका छन् । राष्ट्रिय युवा संघ नेपाल तनहुँले मंगलबार दमौलीमा आयोजना गरेको जिल्लास्तरीय युवा भेलालाई सम्बोधन गर्दै सरकारको विरोध गर्दै हिड्नेहरूको कुनै भविष्य नरहेको र उनीहरू इतिहासमा मात्रै सिमित हुन सक्ने अवस्था आउने बताएका छन् ।




उनले भने, 'प्रधानमन्त्री केपीलाई भस्म गर्छुभन्दै हिड्ने उनीहरू आफै 'मुलधार र सुर्य चिन्हधारी आधिकारिक पार्टीलाई सक्याउन खोज्ने माधव नेपाल र प्रचण्डको राजनीतिक भविष्य अन्धाकार छ', भस्म हुनेछन् । नेपाली इतिहासमा उनीहरूको नाममात्र सिमित रहन सक्छ ।'

यस्तै, प्रचण्ड दुःखी, गरिवको भलो चाहाने नेता नभई दुःखी गरिवकै टाउकोमा टेकर सत्तामा पुग्न चाहाने नेता भएको आरोप लगाउँदै नेता बस्नेतले नेपालको राजनीतिक आकासमा गलत खालको गुट र घर बनिरहेको भन्दै देशभर बनाइएको समानान्तर कमिटीको कुनै औचित्य नभएको बताए ।

केपी ओली एकता, शक्ति र शुसासनको नेता रहेको बताउँदै नेता बस्नेतले नेपाल र प्रचण्ड विग्रह, विभाजन र विद्रोहका नेता भएको आरोप लगाएका छन् ।

कार्यक्रममा राष्ट्रिय युवा संघका केन्द्रीय अध्यक्ष वच्चनबहादुर सिंहले युवाहरू उत्पादनमा लाग्दै समृद्धिमा जोडिनुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा नेकपा एमालेका जिल्ला अध्यक्ष केदार सिग्देलले केपी ओली नेतृत्वमा देश विकास सम्भव रहेको चर्चा गर्दै युवाहरूले मुलुकलाई आर्थिक समृद्धिको बाटो डोऱ्याउने नेतृत्वदायी भूमिका खेल्नुपर्ने बताए ।

गण्डकी प्रदेश सभा सदस्य राजिव पहारीले अरू पार्टीको भर परेर एमालेलाई कमजोर बनाउने षड्यन्त्र पूरा हुन नदिइने बताउँदै युवाहरू संगठित भएर देश विकासमा लाग्न आग्रह गरे ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठ किसान, राष्ट्रियसभा सदस्य भगवती न्यौपाने, एमाले जिल्ला उपसचिव विष्णुभक्त सिग्देल लगायतका नेताहरूले एमालेलाई बलियो पार्टी बनाउन सबै कार्यकर्ता लाग्नुपर्नेमा जोड दिए ।

# आन्तरिक पर्यटकले ...........

पर्यटकहरू बन्दिपुरमै बस्नुभयो । यसले पनि अब पर्यटन व्यवसाय लयमा फर्कने आशा जगाएको छ।'

त्यस्तै, बन्दिपुरका होटल व्यवसायीहरूले कोरोना भाइरस संक्रमण जोखिमलाई न्यूनिकरणका लागि आवश्यक स्वास्थ्य मापदण्डको पालना तथा स्वास्थ्य सामाग्रिको प्रयोगलाई विशेष प्रथामिकता दिइएका छन् । व्यवसायीहरूले बन्दिपुरलाई सुरक्षित पर्यटकीय गन्तव्यका रूपमा परिचय दिने लक्ष्यका साथ अभियान चलाएको अध्यक्ष प्रधानले बताए ।

बन्दिपुरका होटल व्यवसायीहरूले कोरोना भाइरस संक्रमण त्रास बढेपनि स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर पाहुनालाई स्वागत गरेको इकाईका अध्यक्ष प्रधानले बताए । उनले भने, 'आवश्यक स्वास्थ्य सुरक्षाका सामाग्रि तथा मापदण्ड पालना गरी स्वच्छ र सफा वातावरणमा पाहुनालाई स्वागत गरेका थियौ र आउने दिनहरूमा पनि गर्नेछौं।'

यस्तै, होमस्टेहरूमा पनि पाहुँनाहरूको राम्रै उपस्थिति भएको बन्दिपुर सामुदायिक होमस्टेकी अध्यक्ष दिलकुमारी रानाले बताइन्। उनले भनिन्, 'नयाँ वर्षमा बन्दीपुर घुम्न आउनेमध्ये करिव १५० जना पाहुँनाहरू होमस्टेमा बास बस्नुभयो। यो उपस्थिति देख्दा हामी निकै आशावादी र उत्साहित भएका छौं।'

प्रशासनले मेला महोत्सव नगर्न आग्रह गरेका कारण बन्दिपुरले ठुलो स्टेज कार्यक्रम नगरेता पनि होटल व्यवसायीहरूले आ–आफ्नो होटल अगाडि खाना महोत्सव साथसाथै सांगितिक कार्यक्रम आयोजना गरेर आउने पर्यटकलाई मनोरञ्जन प्रदान गरेका थिए ।

बन्दिपुर बजार क्षेत्रमा ७७ होटल र ४ होमस्टेहरू छन् । सहरको कोलाहलबाट टाढा गई प्राकृतिक सौन्दर्यतामा रमाउन चाहानेहरूका लागि बन्दिपुर उत्कृष्ट गन्तव्य हो । बन्दिपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरि लगायतका हिमशृंखला देखिन्छ । भक्तपुरे शैलीमा निर्माण गरिएका घर, टूडिखेल, थानीमाई, तीनधारा, रानी वन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्र, निर्माणाधिन मिनि ग्रेट वल, केवलकार लगायतका स्थल यहाँ आउने पर्यटकको आकर्षणको केन्द्रविन्दु बन्ने गरेको छ ।

# अफगानिस्तानबाट अमेरिकी सेना तयारी

**रासस/एएफपी** (वासिङ्टन)

अमेरिकी राष्ट्रपति जो बाइडेनले युद्धग्रस्त मुलुक अफगानिस्तानबाट आगामी सेप्टेम्बर ११ भित्र सबै अमेरिकी सेना फिर्ता गर्ने तयारी गर्नु भएको उहाँ निकट अमेरिकी अधिकारीले बताएका छन् । अमेरिकी इतिहासमै अमेरिकी फौज कुनै मुलुकमा भण्डै २० वर्ष लडेको यो पहिलो घटना हो । कतिपयले अमेरिकी सेनाको अफगानिस्तानबाट फिर्ती भएसँगै तालिबानको विजयका रूपमा लिएका छन् । अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले तालिवानी समूहसँग गरेको सम्झौता पश्चात् अमेरिकी सेना अफगानिस्तानबाट फिर्ता हुन थालेको थियो । भण्डै १२ हजार सैनिकमध्ये हाल अफगानिस्तानमा करिब दुई हजार ५०० जना मात्र रहेका छन् ।

अमेरिकी राष्ट्रपतिमा जो बाइडेन निर्वाचित भएपछि अमेरिकी सेनाको फिर्ती के हुने भन्नेमा अन्यौल भएपछि पाँच महिनायता अमेरिकी सेना फिर्ता हुनेक्रम रोकिएको छ। भण्डै ४० वर्षदेखि युद्धमा रहेको अफगानिस्तानमा शान्ति ल्याउने प्रयास स्वरूप टर्कीले सर्वपक्षीय अन्तर्राष्ट्रिय शान्ति सम्मेलन गर्ने घोषणा लगत्तै सेना फिर्तीबारे अमेरिकी अधिकारीको यस्तो भनाइ सार्वजनिक भएको हो। यद्यपी तालिबान समूहले उक्त सम्मेलन बहिस्कार गर्ने बताएका छन् । अफगानिस्तानबाट अमेरिकी फिर्तीको घोषणा भने राष्ट्रपति बाइडेनले बुधबार गर्नु हुनेछ। यद्यपि अमेरिकाले अल–कायदा वा इस्लामिक स्टेट अतिवादी समूहसमेतका कतिपय परिस्थितिको सामना गर्न सानो संख्यामा सेना राख्ने बारेमा केही समयदेखि विचारविमर्श गरिरहेको थियो ।

अन्त्यमा, राष्ट्रपति बाइडेनले अन्य विकल्पमाथि छलफल गरे पनि अन्ततः सम्पूर्ण सैनिक फिर्ता गर्ने निष्कर्षमा पुग्नुभएको एक जना वरिष्ट अमेरिकी अधिकारीले बताएका छन् । आफ्नो नाम नबताउने शर्तमा ती अधिकारीले पत्रकारसँग कुरा गर्दै शर्तसहित अमेरिकी सेना तैनाथ रहने भन्नुको अर्थ अफगानिस्तानमा अमेरिकी सेना अनन्तकाल रहने भन्ने देखिएकाले राष्ट्रपति बाइडेनले हाल सम्पूर्ण सेना फिर्ता गर्नु उपयुक्त हुने निष्कर्षमा पुग्नु भएको जानकारी दिनुभयो ।

ट्रम्प प्रशासनले फेब्रुअरी २०२० मा तालिबानसँग गरेको सम्झौतामा सम्पूर्ण अमेरिकी फौज मे २०२१ भित्र स्वदेश फर्कने उल्लेख छ । तर यसको बदलामा तालिबानले अल–कायदा र अन्य विदेशी आतङ्कवादी समूहलाई समर्थन गर्न नहुने रहेको छ । सन् २००१ मा अमेरिकी सेना अफगानिस्तानमा प्रवेश गर्नुको मुख्य कारण पनि अल–कायदालाई तालिबानको समर्थन प्रमुख विषय थियो। बाइडेनका ती अधिकारीले सेना फिर्तीको कार्यक्रम आगामी मे महिनाबाट शुरू हुने जानकारी दिनुभयो। उहाँले अफगानिस्तान छाड्न लागेका गठबन्धन मुलुकका सेनामाथि लक्ष गरी आक्रमण नगर्न पनि उहाँले चेतावनी दिनुभयो ।

**विश्वस्त तालिबान**

विदेशी सेनाले अफगानिस्तान छाडे पनि लडाइँ जारी रहने सम्भावना छ। राष्ट्रिय गुप्तचर निकायका प्रमुखले मंगलबार सार्वजनिक गरेको मूल्याङ्कन प्रतिवेदनमा तालिबान समूह आफूले सैन्य विजय हासिल गर्नेमा विश्वस्त देखिएको उल्लेख छ। धेरै वटा शहरमा नियन्त्रण कायम गरिरहेका अफगानी सेनाले आफूले पुनःकब्जामा लिएका नयाँ क्षेत्र वा सन् २०२० मा छाडेका क्षेत्रलाई आफ्नो नियन्त्रणमा राखिरहन संघर्ष गर्नु परेको प्रतिवेदनमा छ। अफगानी नागरिकले युद्धबाट ठूलै क्षति व्यहोर्नु परेको छ र खासगरी अफगान महिलामा तालिबानको सक्रियता र उदयले थप त्रास उत्पन्न गराएको छ।

सुन्नी इस्लामको बहुसंख्या रहेको तालिबान समूहले सन् १९९६–२००१ मा आफू सत्तामा रहँदा महिलालाई विद्यालय, कार्यालय, संगीत र दैनिक जीवनका धेरै काममा निषेष गरेका थिए । दुई दशकपछि स्कुले विद्यार्थीमध्ये हाल भण्डै ४० प्रतिशत छात्रा छन् । संयुक्तराज्य अमेरिकाले महिला अधिकार र बालिका शिक्षालाई प्रबर्द्धन गर्न गैरसैनिक साधनको प्रयोगलाई बढावा दिने नीति लिने अमेरिकी अधिकारीको भनाइ छ । तालिबान र अफगान सरकारबीच भइरहेका वार्तामा महिलाको सहभागितालाई लगभग निषेध गरिएको छ। महिला अधिकारवादीले अफगानी नेताहरूको यस्तो रबैयाले निकै संघर्षका साथ प्राप्त अधिकार कुण्ठित हुने खतरा औंल्याएका छन् । तालिबान समूहलाई परास्त गर्न भन्दै एक दशकअघि अफगानिस्तानमा अमेरिकी सेनाको संख्या एक लाखको हाराहारीमा थियो। तर पूर्वराष्ट्रपति ट्रम्पको कार्यकालमा यो संख्या दुई हजार ५०० मा आइपुगेको छ ।

www.bhanjyangnews.com

Email : bhanjyangdml@gmail.com

**हाम्रा उपलब्ध सेवाहरू :**

१) मेडिकल अफिसरद्वारा दैनिक बिरामी जाच गरिन्छ ।, **२) प्याथोलोजी ल्याब:-** रगत दिशा पिसाब सम्बन्धी सम्पुर्ण जाच तथा सुगर, प्रेसर, मुटु सम्बन्धी र ४० वर्ष उमेर काटेका महिला तथा पुरूषहरूको - lipid profile - RFT - HIV, HCV, VDRL, - Lft - TFT - TPHA, - Calcium - Hba1ac, - Full body check up गरिन्छ ।, ३) भिडियो एक्सरे सेवा, ४) ईसिजी मुटुको जाच सेवा, ५) नेबुलाइजर बाफ सेवा, ६) OBSERVATION सेवा, ७) PLASTER सेवा, ८) घाउ DRESING वा SUTURING सेवा, **९) गुणस्तरीय फार्मेसी सेवा** :- १०) प्रत्येक हप्ता शनिबार बिशेषज्ञ डाक्टरद्वारा बिभिन्न रोगका बिरामीहरूकोको जाच।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, दमौली तनहुँ। फोन : ०६५-५६१५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

नेपाल सरकार

**व्यवसायीक किट विकास केन्द्र**

बन्दिपुर, तनहुँ । गण्डकी प्रदेश

**नयाँ वर्ष वि.सं. २०७८ को पावन अवसरमा सम्पूर्णमा हार्दिक शुभकामना ।**

साविक प्रजनन् पिढी विज कोया श्रोत केन्द्र बन्दिपुर, तनहुँमा स्थापित यस कार्यालयको नाम परिवर्तन भइ **व्यवसायिक किट विकास केन्द्र, बन्दिपुर** रहेको छ । हाल यस कार्यलयले गण्डकी प्रदेशका ११ वटै जिल्ला आफ्नो कार्यक्षत्र बनाइ मौरी पालन तथा रेशम खेती सम्बन्धी कार्यक्रम संचालन गर्न निम्नानुसारको कार्यविवरण तय गरेको छ ।

- एपिस सेराना तथा एपिस मेलिफेरा मौरीको क्षेत्र निर्धारण गरिए अनुरूप विकास र विस्तार तथा व्यवसायिकरण गर्ने ।
- महको गुणस्तर निर्धारणका लागि प्रयोगशालाको विकास गर्ने ।
- मौरी श्रोत विकास कार्यक्रमलाई संचालन गर्ने ।
- कृषक तथा प्राविधिकलाई दक्ष बनाउन अध्ययन/तालिम/भ्रमणको व्यवस्था गर्ने ।
- मौरी जन्य उद्योग, मह प्रशोधन यन्त्र आदि स्थापना गर्न प्राविधिक/आर्थिक सहयोग प्रदान गर्ने ।
- गुणस्तरीय रानु उत्पादन वितरण गर्ने ।
- रेशम उत्पादन कार्यलाई सघनीकरण, व्यवसायिकरण, यान्त्रिकरण, औधोगिकरण एवम विविधिकरण गर्ने ।
- रेशम खेति स्थल उत्पादन साथै उत्पादनमा सामदायिक संलग्नता अनुरूप गुणस्तरीय रशेम उत्पादन तथा निर्यात गर्ने ।
- रेशम मातृश्रोत संरक्षण गर्ने ।
- रेशम खेती कार्यक्रमलाई Cluster Package Approach को आधारमा परिचालन गर्ने ।
- रेशम कोया ग्रेडिङ प्रणालीमा सुधार गर्न निजी क्षेत्र तथा संघ संस्थालाई संलग्न गराउने ।

# हाटबजार संचालन गर्दै शुक्लागण्डकी नगरपालिका

भञ्ज्याङ समाचारदाता (दुलेगौंडा)

किसानले उत्पादन गरेको कृषि उपजको बजारीकरणमा समस्या देखिएपछि शुक्लागण्डकी नगरपालिकाले हाटबजार संचालन गर्ने भएको छ । स्थानीय वडा तथा टोलवासीहरूसंगको समन्वयमा संचालन गर्ने नगरपालिकाले हाटबजार व्यवस्थापनको कार्य अगाडी बढाएको छ। कृषकलाई लगानी उठाउन पनि धौ धौं हुने तर बिचौलियाले मनग्य फाइदा लिने गरेको पाइएपछि नगरपालिकाले उत्पादित बस्तु विक्री तथा वितरण गर्ने उद्धेश्यले १२ वटै वडामा हाटबजार संचालन गर्ने अवधारणा ल्याएको हो ।



पहिलो चरणमा वडा नं. ३, ४ र ५ लाई समेटने गरी वडा नं. ३ को सन्तेडाँडामा हाटबजार संचालन गर्न भवन निर्माणको कार्य अगाडी बढाइएको छ । त्यस्तै वडा नं. ६ र ७ एवं सेती पारीका ४ वडाहरूलाई लक्षित गरी वडा नं. ८ को ढोरफिर्दीमा पनि पहिलो चरणमै हाटबजार संचालन हुने भएको छ । तर, हाटबजारका लागि स्थान तोकिएको छैन । नगरपालिकाले प्रत्येक वडामा हाटबजार संचालन गर्ने जनाएको छ । पहिलो चरणमा परेका तीन स्थानको हाटबजार संचालनार्थ नगरपालिकाले प्रत्येक भवनका लागि १० लाखको दरले ३० रूपैयाँ बजेट विनियोजन गरेको छ । सटरसहितको भवन सात कोठाको हुनेछ ।

बुधबार वडा नं-३, पौवाडाँडामा दुलेगौंडा हाटबजार भवनको शिलान्यास गरिएको छ । वडा नं. ३ का वडाध्यक्ष रामकुमार श्रेष्ठले भवनको शिलान्यास गर्दै हाटबजार संचालनमा आएपछि फुटपाथका कारण अव्यवस्थित भएको बजार व्यवस्थित हुने बताए । उनले हाटबजार संचालन भएपछि कृषकले उत्पादन गरेको कृषि उपज सोझै हाटबजारमा ल्याएर बिक्री गर्नसक्ने बताए । तर, वडाध्यक्ष श्रेष्ठले हाटबजारको भवन निर्माणका लागि १० लाख मात्र विनियोजन भएकाले त्यति बजेटले भवन पुरा हुनेमा आशंका व्यक्त गरे ।

'गतबर्षको दरभाउमा प्राविधिकले भवनको स्टीमेन्ट गरेको छ, अहिले बजार भाउ बढेको छ, भवन पुरा गर्न नागरिकसंग उठाउनुपर्ने अवस्था छ, यसले गर्दा समयमै भवन पुरा गर्न समस्या देखिन्छ', उनले भने, 'यसतर्फ नगरपालिकाले ध्यान दिनुपर्छ । तीन ठाउँको भवनका लागि बजेट बाँडफाँट गरेर योजना अलपत्र पार्नुभन्दा एकै ठाउँमा लगानी गरेर निर्माण सम्पन्न गर्नु उपयुक्त हुन्छ।'

त्यस्तै, वडा नं. ५ का वडाध्यक्ष दीर्घबहादुर थापाले हाटबजार संचालन गर्ने नगरपालिकाको वृहत योजना भएको बताए । उनले यस योजनामार्फत् स्थानीय जनताको आयआर्जनमा सघाउ पुग्ने विश्वास व्यक्त गर्दै भवनमा मात्र सिमित राख्न नहुने बताएका थिए । 'फाइदा जति सबै विचौलियाले खाने अवस्था छ, किसानको लगानी पनि उठ्दैन, उपभोक्ता पनि महंगोमा खरिद गर्न बाध्य छन्', उनले भने, 'प्रत्यक्ष रूपमा किसान र उपभोक्तालाई फाइदा पुऱ्याउने गरी हाटबजार संचालन गर्न लागिएको हो। किसानले उत्पादनलाई जोड दिनु पर्दछ । हाटबजारसंगै हरेक वडामा शितभण्डारणको समेत आवश्यकता रहेको हुँदा यस तर्फ हाम्रो ध्यान पुगेको छ।'

पौवा टोल विकास संस्थाका अध्यक्ष शंकर बहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली काँग्रेसका शुक्लागण्डकीका नगर सभापति माधव भट्टराई, नेपाल कम्युनिष्ट पार्टी माआवादी केन्द्रका शुक्लागण्डकी नगर कमिटीका सचिव परशुराम भण्डारी, पौवा टोल विकास संस्थाका सचिव ईश्वर कुमार श्रेष्ठ लगायतले हाटबजार व्यवस्थित रूपमा संचालन गर्न सके टोल, वडा र नगरकै विकास हुने बताउँदै बजारको प्रवर्द्धन र विकासका स्थानीयवासीकै भुमिका महत्वपूर्ण हुने चर्चा गरेका थिए ।

# २६औं वन्यजन्तु सप्ताहमा चरा अवलोकन

भञ्ज्याङ समाचारदाता (दमौली)

वैशाख १ देखि ७ गतेसम्म मनाइने वन्यजन्तु सप्ताह शुरू भएको छ। 'वन्यजन्तु संरक्षणमा समन्वय, सहकार्य र सहअस्तित्व' भन्ने मूल वाक्यका साथ तनहुँमा पनि २६औं वन्यजन्तु सप्ताह शुरू गरिएको छ । सप्ताहका अवसरमा व्यास-१२ स्थित भानुभक्त प्राणी उद्यान कार्यालयले पहिलो दिन उद्यानको क्षेत्रभित्र पाईने चरा अवलोकन र संरक्षित क्षेत्रका सरोकारवाला निकाय बिच अन्तरक्रिया कार्यक्रम गरेको छ ।

अन्तरक्रिया कार्यक्रममा बोल्दै जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले मानव वन्यजन्तु बीचको द्वन्द्व न्यूनीकरण र व्यवस्थापन, पर्यापर्यटन विकास गरी स्थानीय जनताहरूको आर्थिक विकासका लागि भानुभक्त प्राणी उद्यान गण्डकी प्रदेशकै आकर्षणको केन्द्र हुने र यसको स्थापना, सञ्चालन र व्यवस्थापनका लागि सबै तह र तप्काबाट सहयोग र पहल हुन जरूरी रहेको बताए ।



यस्तै, कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सागर आचार्यले वन र वन्यजन्तु संरक्षणका लागि सरोकारवाला सबै निकाय बीच समन्वय र सहकार्य भएमा सफलता प्राप्त गर्न सकिने बताएका थिए ।

सप्ताहव्यापी कार्यक्रममा भानुभक्त प्राणी उद्यान र यसको आसपासका क्षेत्रमा गर्मी समयमा पाईने चराहरूको अवलोकन गरी तिनको फोटो सहितको रेकर्ड राखिने भएको छ । चरा अवलोकनको क्रममा १६ प्रजातिका चराहरूलाई प्रत्यक्ष अवलोकन र थप ४ प्रजातिका चराहरूको आवाजबाट पहिचान गरिएको थियो। गत वर्ष हिउँदको समयमा यसै क्षेत्रमा १४१ प्रजातिका चराहरू रेकर्ड गरिएको थियो ।

चरा अवलोकन कार्यलाई चरा विज्ञ टेक बहादुर घर्ती र रेञ्जर लब गुरागाईंले सहजीकरण गरेका थिए । अन्तरक्रिया कार्यक्रममा उद्यानका संरक्षण अधिकृत रूपक महर्जनले नेपालको समग्र जैविकविविधता संरक्षण, यसको महत्व एवं चुनौतीका विषयमा सहजिकरण गरेका थिए ।

## स्वास्थ्य प्रमुख अधिकारीलाई प्रबल जनसेवाश्री

भञ्ज्याङ समाचारदाता (दमौली)

स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारी प्रबल जनसेवाश्री पदकबाट विभूषित भएका छन् । नेपाल राष्ट्रको गौरव एवं नेपाली जनताको हित अभिवृद्धिमा उल्लेखनीय योगदान दिएको भन्दै उनलाई विभूषित गरिएको सम्मानपत्रमा उल्लेख छ । खासगरी कोभिड संक्रमणको जोखिमका क्रममा उनले गरेको कार्यसम्पादनका आधारमा गण्डकी प्रदेशबाट विभूषित हुनेमा उनी मात्र स्वास्थ्य कर्मचारी हुन् ।



उनलाई राजधानीमा बुधबार आयोजित कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारीले पदकबाट विभूषित गरिन् । अधिकारीले पाउने पदक यस अघि नै घोषणा गरिएको थियो। सम्मानबाट आफूलाई निष्ठापूर्वक काम गर्न प्रेरणा मिलेको अधिकारीले बताएका छन् ।


'वन्यजन्तु संरक्षणमा समन्वय, सहकार्य र सहअस्तित्व' भन्ने मुल वाक्यका साथ २०७८ वैशाख १ देखि ७ गतेसम्म मनाइने २६औं वन्यजन्तु सप्ताह भव्यताका साथ सफल पारौं । साथै नव वर्ष २०७८ सालको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भानुभक्त प्राणी उद्यान कार्यालय
छिर्कन, तनहुँ


## facebook twitter



**Nirmal Prasai**
twitter.com/NirmalPrasai5

गण्डकीमा कांग्रेस र लुम्बिनीमा माओवादी केन्द्रको सरकार बनाउँने सहमति! आजैं पम्फा भुसाल द्वारा कांग्रेस लाई शंघीय सरकारको नेतृत्व गर्न आग्रह ! मतलब, नयाँ राजनीतिक खिचडी पाक्दै, तर पराजय मानसिकताबाट !
सत्ता केन्द्रित गठजोड हुँदा मुलुक सधैं पछाडि !



**SAZZU**
twitter.com/SamjhanaGhimi16

जिन्दगीभर धन धन भनेर के गर्नु,मरेपछि सुखभोग गर्नै नपाई अखवारमा यौटा फोटो र तीन अक्षर "निधन" छापिन्छ । न आफूले त्यो पढ्न पाउनु ! न धनसङ्गै डढ्न पाउनु !!



**D e a r E x**
twitter.com/Reshma_thakuree

गजल

हल्का सुवास छौ, हल्का बदमास छौ
जे छौ, जस्तो छौ, मेरो लागि खास छौ

छौ सधैं रसिलो, छ क्रान्ति मुहारमा
बाहिर हसाँछौ भित्र आफै उदास छौ

सक्छौ टाढिन ? जाउ दुरदराजमा जाउ
र पनि म संगै हुनेछौ हरेक श्वासमा छौ

म हुँ घाम तिमी छाँया, छौं कतै सुदुरमा
म छु कतै बरालिँदै, तिमी आसपास छौ

# यौन दुर्व्यहारको आरोपमा भिमादबाट शिक्षक पक्राउ

भञ्ज्याङ समाचारदाता (दुलेगौंडा)

आफ्नै विद्यालयका छात्राहरूलाई यौन दुर्व्यवहार गरेको आरोपमा जनज्योति माध्यामिक विद्यालय भिमादका एक शिक्षक पक्राउ परेका छन् । विद्यालयमा अध्ययनरत छात्राहरूलाई यौनजन्य गतिविधि गर्दै आएको किटानी जाहेरी परेपछि शिक्षक प्रविन सुवेदीलाई प्रहरीले नियन्त्रणमा लिएको हो । सुवेदीलाई इलाका प्रहरी कार्यालय बेलचौताराको नियन्त्रणमा रहेका छन्। आधारभुत तहमा अध्यापन गर्ने सुवेदीले कक्षा ६ र ७ का छात्राहरूमाथि अस्वभाविक हर्कत गर्ने गरेको विद्यार्थीहरूले आरोप लगाएका छन् । विद्यार्थीहरूले यस सम्बन्धी निवेदन विद्यालय प्रशासन र इलाका प्रहरी कार्यालय भिमादमा समेत दिएका थिए ।

आफुहरूलाई शिक्षक सुवेदीले यौन दुब्यवहार गरेको भन्दै मंगलबार विद्यार्थीहरू आन्दोलित भएका थिए । आरोपित शिक्षक भने गत सोमबारदेखि नै विद्यालयमा अनुपस्थित रहेको विद्यालयका प्रधानाध्यापक चन्द्र प्रकाश सुवेदील जानकारी दिए ।

'विद्यार्थीहरूको निवेदन अनुसार छानविन भईरहेको छ', प्रधानाध्यापक सुवेदीले भने, 'शिक्षकबाट यस्तो किसिमको हर्कत नहुनुपर्ने हो, साना विद्यार्थीहरूले नै यस्तो आरोप लगाएपछि विषय गम्भिर देखिएको छ ।'


## गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगे बाल्ने सामाग्रीहरू बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाईसकेपछि आगो राम्रोसंग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।
- चुरोट बिंडीजस्ता वस्तुहरू प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रोसंग निभाऔं ।
- पेट्रोल, डिजेल, ग्याँस स्टोसनको वरिपरि सलाई, लाइटरजस्ता सामाग्रिको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगालागिका घटना भएमा दमकल, सुरक्षकर्मी र सञ्चारमाध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागिको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरू चालू अवस्थामा राखौं ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४